STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन १८ गते सोमबार ❑ 2 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## बुद्ध एयरले सुरु गऱ्यो पोखरा–नेपालगन्ज सिधा हवाई उडान

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ साउन**

बुद्ध एयरले आइतबारदेखि पोखरा–नेपालगन्ज सिधा हवाई उडान सुरु गरेको छ।

हप्तामा तीन दिन हवाई उडान संचालन गर्ने गरी आइतबार देखि बुद्ध एयरले पोखरा देखि नेपालगन्ज र नेपालगन्ज देखि पोखराको लागि उडान सुरु गरेको बुद्ध एयरलायन्स कम्पनी पोखराका स्टेशन म्यानेजर गौतम बरालले बताए।

पोखरा काठमाण्डौं, पोखरा भैरहवा, पोखरा भरतपुर सिधा हवाई उडान गर्दै आएको बुद्ध एयरले आइतबार देखि पहिलो चरणमा सानो १८ सिटे (१९००–डी) जहाजबाट हप्ताको तीन दिन उडान गर्ने गरी सुरु गरेको बरालले जनाए। आइतबार, बुधबार



र शुक्रबार गरी हप्ताको तीन दिन प्रायः विहान ९:१० बजे पोखराबाट र नेपालगन्जबाट विहान १०:०० हवाई उडान हुने तयारी गरिएको स्टेशन म्यानेजर बरालले जनाए।

यात्रुको चाप अनुसार ४ हजार ९ सय ३५ रुपैया देखि ७ हजार ६ सय ३५ रुपैया भाडा शुल्कः निर्धारण गरिएको बरालले जनाए। उनका अनुसार आइतबार पोखरा देखि नेपालगन्ज जाने र नेपालगन्जबाट पोखरा आउने शतप्रतिशत सिटमा पर्यटकहरु जाने तथा आउने गरेका छन्।

उनले भने "अहिलेको अवस्थामा हामीले दुई वटा नगरको पर्यटन प्रवर्द्धन हुने विश्वासका साथ सिधा हवाई उडान सानो जहाजबाट सुरु गरेका छौं, भोलि यात्रुको चाप र पर्यटकको माग बढेमा हामीले जहाज र दैनिक हवाई उडान समेत गर्न सक्छौं।" कोरोनाको कारण गत वैशाख देखि ठप्प भएको हवाई उडान विगत एक महिना अघि देखि मात्र पुनः संचालन भएको हो।

यसैबिच यसअघि पोखरा–नेपालगन्ज रुटमा सीता एयरले चार्टर्ड उडान गरेको थियो। विभिन्न प्रदेशहरुलाई जोड्ने गरी अन्य शहरहरुसंग समेत जोड्ने गरी हवाई उडान गर्ने तयारी गरिएको स्टेशन म्यानेजर बरालले हामीलाई बताए।

## साउन ३० भित्र सबै वडासमिति गठन गर्न माओवादी केन्द्रको निर्देशन

**रासस**
**काठमाडौं, १७ साउन**

नेकपा (माओवादी केन्द्र) ले यही साउन ३० गतेसम्म पार्टीका सबै वडासमिति गठन गरी त्यसको यथार्थ विवरण केन्द्रीय कार्यालयमा उपलब्ध गराउन केन्द्रीय सदस्यलाई निर्देशन दिएको छ।

पार्टी सङ्गठनलाई चुस्त, दुरुस्त तथा व्यवस्थित बनाउन सबै वडासमिति गठन, पुनःगठन गरी यथार्थ विवरण तयार पार्न निर्देशन दिइएको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आज बसेको स्थायी समितिको बैठकले यही साउन ३० गते बस्ने केन्द्रीय समितिको बैठकमा सो विवरणसहित आउन निर्देश गरेको प्रवक्ता श्रेष्ठले जानकारी दिए। यसअघि यही साउन २० गतेका लागि तय भएको केन्द्रीय समितिको बैठक थप तयारी गर्नुपर्ने भन्दै १० दिन पर सारिएको छ। पछिल्लो राजनीतिक घटनाक्रमको समीक्षा, सरकार विस्तार एवं आवश्यक तयारीका लागि केन्द्रीय समितिको बैठक पर सारिएको उनको भनाइ छ। माओवादी केन्द्रले पाँच दलीय गठबन्धनलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ। संविधान र लोकतान्त्रिक मूल्य र मान्यताका लागि स्थापित भएको गठबन्धनलाई देश र जनताको पक्षमा थप प्रभावकारी बनाउँदै देश र जनताको पक्षमा क्रियाशील बनाउने निर्णय भएको प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो।

यस्तै, गठबन्धनको घटक नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठन भएको वर्तमान सरकारलाई जनपक्षीय बनाउनका लागि आफ्नो तर्फबाट पहल गर्ने माओवादी केन्द्रले जनाएको छ। बैठकमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पछिल्लो राजनीतिक घटनाक्रम, गठबन्धनमा आवद्ध दलसँग भएको छलफल तथा सरकार विस्तारलगायतका विषयमा जानकारी गराएका थिए।

## 'गण्डकीमा कृषि तथा वन पर्यटनको सम्भावना'

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ साउन**

पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेल र भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारणमन्त्री चन्द्रबहादुर बुढा मगरले गण्डकी प्रदेशमा कृषि तथा वन पर्यटन (एग्रो र फरेष्ट टुरिज्म) को प्रशस्त सम्भावना रहेकोले सरकारले त्यसको विकासका लागि काम गर्ने बताउनुभएको छ।

गृह जिल्ला बागलुङ पुगेर मन्त्रीद्वयले कृषि र पर्यटनलाई सगसँगै लैजाने उद्घोष व्यक्त गर्नुभएको थियो। शनिबार गृह जिल्ला आउनुभएका नवनियुक्त मन्त्रीद्वयले आजसम्म विभिन्न भेटघाट, स्वागत तथा सम्मान कार्यक्रममा सहभागी भइरहनुभएको छ। उहाँहरुले बागलुङको विकास सँगसँगै कृषि र वनसँग जोडेर पर्यटनको विकास गर्दा दोहोरो फाइदा कमाउनसक्ने सम्भावना रहेको बताउनुभयो। आयात प्रतिस्थापन गर्दै निर्यातमूलक अर्थतन्त्र स्थापनाका लागि आफूहरुले सक्दो सहयोग गर्ने जनाउँदै मन्त्री कँडेलले प्रदेश सरकारको कोरोनालाई निस्तेज पार्ने पहिलो प्राथमिकतामा रहेको र त्यपछि बेरोजगारी घटाउने, पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्नेलगायतका काममा लाग्ने बताउनुभयो।

कृषि तथा सहकारीमन्त्री बुढा मगरले सहकारीको कानूनी जटिलाताको छिट्टै अन्त्य गर्ने बताउनुभयो। उहाँले कृषि क्षेत्रको अनुदान कार्यक्रम प्रभावकारी बनाइने जानकारी दिनुभयो।

## भदौ २७ र २८ गते एमालेको विधान महाधिवेशन

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ साउन**

नेकपा (एमाले) को आज बसेको स्थायी कमिटी बैठकले आगामी भदौ २७ र २८ गते काठमाडौँमा पार्टीको विधान महाधिवेशन आयोजना गर्ने प्रस्ताव पारित गरेको छ।

च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानमा जारी बैठकले महाधिवेशनलाई व्यवस्थित गर्न कार्यदलहरू गठन गरेको छ। राजनीतिक प्रतिवेदनको मस्यौदा तयार गर्न पार्टी अध्यक्ष केपी शर्मा ओली र सङ्गठनात्मक प्रतिवेदन तयार गर्न महासचिव ईश्वर पोखरेलको संयोजकत्वमा कार्यदल गठन भएको प्रवक्ता प्रदीप ज्ञवलीद्वारा जारी विज्ञप्तिमा भनिएको छ। बैठकले पार्टीका नेता रामबहादुर थापाको संयोजकत्वमा विधान महाधिवेशन व्यवस्थापन कार्यदल गठन गरेको छ। सो प्रस्तावलाई अन्तिम रूप दिन र आवश्यक निर्णय गर्न पार्टीको केन्द्रीय कमिटी बैठक आगामी साता बस्ने भएको छ। बैठकले असोजको पहिलो साता देशभरका सबै वडामा वडा अधिवेशन र दोस्रो साता सबै पालिकामा पालिका कमिटी अधिवेशन गर्ने निर्णय गरेको छ।

बैठकले दार्चुलामा महाकाली नदी पार गर्ने क्रममा जयसिंह धामी बेपत्ता भएको घटनाको विरोध जनाउँदै सो घटनाको सत्यतथ्य प्रस्तुत गर्न, भारतीय पक्षसँग जानकारी माग्न, दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिन सरकारको ध्यानाकर्षण गरेको छ।

बैठकले पालिकास्तरको कमिटीको अधिवेशन आगामी असोज ९ गतेभित्र गर्ने निर्णय गरेको छ। च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानमा बसेको पार्टी स्थायी कमिटीको बैठकले आज पार्टी सङ्गठनसम्बन्धी काम निरन्तरता दिँदै पालिका कमिटीको अधिवेशन सो मितिमा गर्ने निर्णय गरेको महासचिव ईश्वर पोखरेलले जानकारी दिनुभयो। बैठकले साउन २४ गते पार्टीको केन्द्रीय कमिटी बैठकको आह्वान गरेको छ। स्थायी कमिटीको बैठक सोमबार पनि जारी रहने बताइएको छ।

## एन्फा र चरक मेमोरियल अस्पतालबीच सम्झौता

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ साउन**

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) र चरक मेमोरियल अस्पताल पोखराका बीचमा स्वास्थ्य उपचारका लागि सम्झौता भएको छ। नेपालमा पहिलो पटक असोज २ देखि २२ गतेसम्म पोखरा रङ्गशालामा सञ्चालन हुने राष्ट्रिय फुटसल 'ए' डिभिजन लिगका लागि खेलाडीको उपचार सम्बन्धमा एन्फा र चरक मेमोरियल अस्पतालबीच आज सम्झौता भएको हो।

सम्झौतामा एन्फाको तर्फबाट केन्द्रीय सदस्य एवं स्वास्थ्य समितिका संयोजक निरज खड्गी र एन्फा फुटसल कमिटिका प्रमुख विनोद गुरुङ तथा अस्पतालको तर्फबाट निर्देशक रामचन्द्र रेग्मी र म्यानेजर प्रदीप शर्माले हस्ताक्षर गर्नुभएको छ। सम्झौताअनुसार राष्ट्रिय फुटशल लिगका खेलाडी, टिम अफिसियल र रेफ्रीलाई सम्पूर्ण स्वास्थ्य उपचारको सुविधा अस्पतालले उपलब्ध गराउने भएको छ। फुटशल राष्ट्रिय लिगमा घाइते हुने खेलाडीको अस्पतालले निःशुल्क उपचार प्रदान गर्नेछ भने औषधिमा १० प्रतिशत छुट दिने भएको छ। त्यसै गरी प्रतियोगिता अवधिभर अस्पतालको मेडिकल टिम खेल मैदानमा खटिने सम्झौतामा उल्लेख छ।

## पहिरोबाट विस्थापितलाई १५ लाख सहयोग प्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ साउन**

घान्द्रुक समाज हङकङ र घान्द्रुक समाज बेलायतले घान्द्रुकका पहिरो पीडितलाई राहत स्वरूप नगद रकम प्रदान गरेको छ।

१५ लाख १ हजार ७ सय ७० रुपैया नगद राहत रकम घान्द्रुकका समाज हङकङका पूर्व अध्यक्ष चन्द्र गुरुङ, सचिव दीपक गुरुङ र घान्द्रुक समाजबेलायतका निवर्तमान अध्यक्ष अर्जुन गुरुङले सुक्रवार संयुक्त रूपमा घान्द्रुकमा आयोजित एक कार्यक्रममा प्रदान गरेका छन्। घान्द्रुकसमाज हङकङका अध्यक्ष दुर्गा गुरुङको नेतृत्वमा १२ लाख ९१ हजार ७ सय ७० र घान्द्रुक समाज बेलायतमा २ लाख १० हजार संकलनभएको थियो।

गत असार १ गतेको मध्यराती अन्नपूर्ण गाउँपालिका वडा नं १० र ११ का विभिन्न ठाउँमा पहिरोले २ घर बगाएर पूर्ण क्षति, २ घर उच्चजोखिम, ७ घर परिवारमा क्षति पुगेको थियो। रोजगारीको शिलशिलामा हङकङ र बेलायत रहेका घान्द्रुक समाजमा आवद्ध सदस्यहरुबाट रकम संकलन गरी प्राकृतिक बिपतकोसमयमा पिडितलाई केहि राहत होस भनि रकम सहयोग गरिएको घान्द्रुक समाज हङकङका सचिव एवं कार्यक्रम संयोजक दीपकगुरुङले



बताउनु भयो।

राहत रकम पाउनेमा घर पूर्ण क्षति भएका चिजकुमारी र मैतसिं गुरुङको परिवारलाई हङकङको तर्फबाट ४ लाख १६ हजार ७ सय ७० रबेलायतको तर्फबाट १ लाख २० हजार, हरिकला गुरुङलाई १ लाख र छवी राना मगरलाई हङकङको तर्फबाट १ लाख र बेलायतकोतर्फबाट ४० हजार नगद सहयोग प्रदान गरिएको छ। त्यसै गरी पहिरोको उच्च जोखिम रहेका विस्थापित भएका बुद्दीबहादुर परियार र मनभुजा परियारलाई जनहि हङकङको तर्फबाट १ लाख र बेलायतको तर्फबाट २० हजार रकम उपलब्ध गराईको थियो। त्यस्तै घर चर्केक्षति भएका रामप्रसाद गुरुङ, दीपक गुरुङको परिवारलाई जनहि ५० हजार, कमला जैसी, रोजन बिक, टेकबहादुर पौडेल, राजमानगुरुङ र खड्कबहादुर जैसीलाई जनहि ३५ हजार प्रदान गरिएको कार्यक्रम संयोजक गुरुङले बताउनु भयो।

स्थानीय रोधी क्लब घान्द्रुकको सभाहलमा सम्पन्न कार्यक्रममा अन्नपूर्ण गाउँपालिका १० घान्द्रुकको किम्चे स्थित श्री जनप्रेमी आधारभुतविधालय पुनर्निमाणको लागि घान्द्रुकका समाज हङकङले २ लाख र बेलायतले ५० हजार रकम उपलब्ध गराएको छ। सो रकमकार्यक्रमका प्रमुख अतिथि अन्नपूर्ण गाउँपालिका कास्कीका अध्यक्ष युवराज कुँवर घान्द्रुकका समाज हङकङका पूर्व अध्यक्ष चन्द्र गुरुङ, सचिव दीपक कुमार गुरुङ र घान्द्रुक समाज बेलायतका निवर्तमान अध्यक्ष अर्जुन गुरुङले विधालय व्यवस्थापन समितिका अध्यक्षचन्द्रबहादुर बिक, भवन निर्माण समितिका अध्यक्ष सोमप्रसाद गुरुङ र विधालयका प्रअ बाबुराम सापकोटालाई संयुक्त रूपमाहस्तान्तरण गरेका थिए। घान्द्रुक समाज हङकङले अन्नपूर्ण क्लब किम्चेको भवन निर्माणका लागि ५० हजार रकम उपलब्ध गराएको छ। कार्यक्रममा पहिरोबाट प्रभावित ११ घरपरिवारलाई ११ बण्डल रँगिन कर्कटपाता गाउँपालिकाको तर्फबाट अध्यक्ष युवराज कुँवरलेवितरण गर्नुभएको थियो। अध्यक्ष कुँवरले रोजगारीको सिलसिलामा देश विदेशमा रहेर पनि आफ्नो गाँउठाँउमा बिपत पर्दा गरेको सहयोग प्रशंसनीय भएकोले सहयोगीदाताहरुलाई धन्यवाद दिँदै आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गरिएको बताउनु भयो।

रोधी क्लब घान्द्रुकका अध्यक्ष पूर्ण गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अर्जुन गुरुङ, चन्द्र गुरुङ, दीपक गुरुङ र रोधी क्लबघान्द्रुकका सचिव राजबहादुर गुरुङ लगाएतले पहिरोबाट विस्थापित गाउँबासीका परिवारलाई केहि मात्रमा भएपनि राहत पुगोस भनिआर्थिक सहयोग गर्न पाँएकोमा सन्तुष्टि मिलेको बताउनु भयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# राम बजार तायाः मचाः नाचलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १७ साउन



राम बजार तायाः मचाः नाच समिति रामबजार १०/१५ द्वारा स्थापना कालमा अग्रिम सहयोग गर्ने सहयोगी दाता ततकालिन तिन दोभान तनहू समाज हङ्कंङ्गका सल्लाहाकार दुर्गा प्रसाद श्रेष्ठ लाई स्वागत तथा सम्मान र रकम हस्तान्तर कार्यक्रम राम मन्दिर रामबजारको प्राङ्गणमा सम्पन्न गर्‍यो।

सम्मान, स्वागत तथा सहयोग हस्तान्तर कार्यक्रममा तिन दोभान समाज युकेका अध्यक्ष, पासा पुचः गुठी साउथ इष्ट लण्डन यूके का सल्लाहाकार तथा राम बजार तायाः मचाः नाच समितिका सस्थापक अग्रज सहयोगी दुर्गा प्रसाद श्रेष्ठको प्रमुख अतिथिमा मन्दिर को घन्टी बजाएर उद्घाटन गरि शुभारम्भ गरीएको उक्त कार्यक्रममा प्रमुख अतिथि दुर्गा प्रसाद श्रेष्ठ र उहाकि श्रीमती अग्नी माया श्रेष्ठलाई समितिका अध्यक्ष सम्मर बहादुर श्रेष्ठले खादा, टिका र मायाको चिनोले सम्मान र स्वागत गरेको थियो। सहयोग हस्तान्तर कार्यक्रममा प्रमुख अतिथि दुर्गा प्रसाद श्रेष्ठ ले नेवार समुदाय द्वारा सञ्चालन गरेको र आ-आफ्नै संस्कृतिमा रमाउन सबै नेपालीलाई सहभागी गराई शुभारम्भ गरिएको यस नाचमा म हङ्कङ्गमा रहदा थोरै मात्र रकम संकलन गरि पठाउन सफल रहि बजारकै नाम बाट राम बजार तायाः मचाः नाच समिति बनेर आज नाच सुरू गरेको १४ बर्षमा प्रवेश गरेको सुन्न पाउदा ज्यादा खुसी लागेको बताउनुहुदै युकेमा हरेक बर्ष हुने स्थापना दिबशको अवसरमा बिश्वका धेरै देशका झाकीहरूको कम्पोटेशन हुने र नेवा समाज युकेले रामबजार संग समन्वय गरि यहाको नाच लैजाने कोसिस गर्दागर्दै जम्बोटोली भएको हुदा अलि कठिनाइ भएकोले अझै प्रयासरत रहेको बताउहुदै नाच सञ्चालनका लागी ५ हजार सहयोग प्रदान गर्नुभयो उक्त कार्यक्रममा नाच समितिका सदस्य एवं तायाः मचाः नाच प्रतियोगिताका आर्थिक संयोजक चित्र कुमार श्रेष्ठ र श्रीमती अम्बिका श्रेष्ठलाई अब केही दिनपछि नै अमेरिका प्रस्थान गर्ने भएकोले यात्राको शुभकामनाका साथ अमेरिका बसाई सफल रहोस भनि शुभकामनाका ब्यक्त गरिएको

उक्त कार्यक्रममा आउदै गरेको गाईजात्रा पर्व - २०७८ को सन्दर्भमा राम बजार क्षेत्रमा तायाः मचाः नाच न निकाल्ने तर परम्परालाई बचाइ राख्न स्वर्गारोहण भएका घर परिवार बाट गाई निकाली गाईलाई ब्यबस्थित तरहबाट कोभिड -१९ बाट हुनसक्ने कोरोना संक्रमण लाई न्यूनिकरण गर्न सामाजिक दुरी कायम गराई गाई निकाल्ने ब्यबस्था मिलाई परम्परा बचाउन सबैलाई अनुरोध गरियो। उक्त कार्यक्रममा राम बजार तायाः मचाः नाच समितिका सल्लाहकार नारायण प्रसाद उज्जर, राममन्दिर सञ्चालक समितिका अध्यक्ष जीबन श्रेष्ठ, राम बजार ल्याह्म पुच राम बजारका अध्यक्ष सुरज तभ्या, राम बजार नेवाः मिशा पुचः राम बजारका सदस्य लक्ष्मी राजभण्डारी लगायतका सहभागीहरूले आ-आफ्नो बिचार राख्नु हुदै बिशेष सावधानीका साथ कार्यक्रम सम्पन्न र परम्परा जोगाउनु पर्ने बताउनु भयो।

उक्त कार्यक्रममा नाच समितिका उपाध्यक्ष नारायण श्रेष्ठ ले स्वागत गर्नुभएको उक्त स्वागत, सम्मान तथा रकम हस्तान्तर कार्यक्रममा नाच समितिका अध्यक्ष सम्मर बहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रमको समितिका सचिव विश्व तण्डकारले सञ्चालन गरेको थियो।

# भरतपोखरीका विभिन्न विकासका योजनाबारे ध्यानाकर्षण

पोखरापत्र संवाददाता
पोखरा, १७ साउन



नेपाली काँग्रेस पोखरा महानगरपालिका वडा नं ३३, भरतपोखरी इकाई समितिले गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल सहित प्रदेश सरकारका मन्त्री समक्ष भरतपोखरीमा आवश्यक विकासका योजनाबारे ध्यानाकर्षण गराएको छ।

नेपाली काँग्रेस पोखरा-३३ इकाई समितिको संयोजनमा काँग्रेस नेता एवम् अगुवा कार्यकर्ता सहितको टोलीले मुख्यमन्त्री पोखरेल, भौतिक पूर्वाधार मन्त्री कुमार खड्का, कानून, सञ्चार तथा प्रदेश मामिला मन्त्री विन्दुकुमार थापालाई छुट्टाछुट्टै भेटी भरतपोखरी क्षेत्रमा सडक कालोपत्रे, स्तरोन्नति, खानेपानी, सामूदायिक भवन निर्माण, सिंचाई, सूचना तथा सञ्चार, युवा तथा खेलकुद, ज्येष्ठ नागरिक लगायतका क्षेत्रमा गर्नै पर्ने अत्यावश्यक कामबारे ध्यानाकर्षण गराइएको हो। भेटमा मुख्यमन्त्री तथा मन्त्रीहरूले काँग्रेस भरतपोखरी इकाईका तर्फबाट उठाइएका विषयलाई गम्भीरताका साथ लिदै उचित सम्बोधनका लागि आवश्यक पहल गर्ने विश्वास व्यक्त गर्नुभयो। भेटमा वडा इकाई समितिका सभापति रामचन्द्र पौडेल, महासमिति सदस्य केशरप्रसाद निर्दोर्षी, पूर्व जिल्ला सदस्य विष्णुप्रसाद पौडेल, इकाई सह सभापति दीनेश आचार्य लगायतले भरतपोखरी क्षेत्रका जनताको अपेक्षा अनुरुप विकास निर्माणका कामलाई उच्च प्राथमिकतामा राख्न आग्रह गर्नुभएको थियो। उक्त अवसरमा नवनियुक्त मुख्यमन्त्री तथा मन्त्रीलाई बधाई तथा शुभकामना व्यक्त गर्दै जनभावना अनुसार अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

# थप दुई हजार ५६८ संक्रमित, १८ को मृत्यु

रासस
काठमाडौं, १७ साउन (रासस)

पछिल्लो २४ घण्टामा १२ हजार ६३६ मा नमूना परीक्षण गर्दा देशभर दुई हजार ५६८ मा सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार सो अवधिमा दुई हजार २० जना सङ्क्रमणमुक्त भएका छन्। आइतबार १८ को मृत्यु भएसँगै कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या नौ हजार ८७५ पुगेको छ।

सङ्क्रमण मुक्त हुने दर ९४.१ प्रतिशत पुगेको छ। हालसम्म कोभिड-१९ खोपको पहिलो मात्रा ४० लाख ६ हजार २८८ ले लगाएका छन् भने पूर्ण मात्रा लगाउनेको सङ्ख्या १८ लाख १३ हजार ४७१ पुगेको मन्त्रालयले जनाएको छ।

# चौध घण्टाको यात्रा ३५ मिनेटमै गराउन पहल

-वासुदेव पौडेल
पोखरा, १७ साउन (रासस)

पोखराबाट नेपालगञ्जसम्म सडक मार्गको यात्राका लागि न्यूनतम १४ घण्टा छुट्याउनुपर्छ, त्यो पनि कुनै अवरोध नभएका अवस्थामा।

लामो समयदेखि पोखरा-नेपालगञ्ज सिधा हवाई उडान गर्ने चर्चा चलिरहेका बेलामा पोखरालाई आधार बनाएर बुद्ध एयरले आजदेखि पोखरा-नेपालगञ्जको सिधा हवाई उडान भर्न थालेको छ। हवाई उडानबाट ३५ मिनेटमै गन्तव्यमा पुग्न सकिन्छ।

पहिलो चरणमा हप्तामा तीन दिन आइतबार, बुधबार र शुक्रबार तीनवटा उडान भर्ने योजनाका साथ आजदेखि उडान शुरु गरिएको उक्त संस्थाका पोखरास्थित स्टेशन म्यानेजर गौतम बरालले जानकारी दिनुभयो। गत वैशाख १८ देखि नै पोखरा-नेपालगञ्ज सिधा उडान थाल्ने योजना बनाइए पनि विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ को असरले उक्त योजना सञ्चानमा ल्याउन कठिन भएकामा हाल हप्ताका निर्धारित तीन दिन बिहान ९.१० बजे नेपालगञ्जका लागि उडान हुनेछ। त्यस्तै नेपालगञ्जबाट १०.०० बजेको उडानबाट यात्रुहरू पोखरा आउन पाउनेछन्। प्रत्येक उडानका लागि टिकटदर सस्तोमा चार हजार ९३५ रुपैयाँ छ भने अधिकतम रू सात हजार ६३५ छ। त्यस्तै मध्यमदरको टिकट पाँच हजार ५३५ रुपैयाँको छ। हाल १८ सिट क्षमताका बीचक्राफ्ट १९००डी सिरिजका जहाजबाट पोखरा-नेपालगञ्ज उडान थालिएको जानकारी दिँदै उहाँले यात्रुको चापअनुसार उडान सङ्ख्याका साथै ठूला जहाजसमेत थप्न सकिने बताउनुभयो। पर्यटकीय नगरी पोखराबाट हवाई उडानमार्फत ३५ मिनेटमा नेपालगञ्ज पुग्ने पर्यटक त्यहाँबाट नजिकै रहेको बर्दिया राष्ट्रिय निकुञ्ज,कर्णाली चिसापानी, रारालगायत स्थान पनि जानसक्ने भएकाले पर्यटन विकासमा समेत योगदान पुग्ने नेपाल टुर्स एण्ड ट्राभल्स एजेन्ट्स(नाट्टा) गण्डकी प्रदेश अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो।

साविकको धवलागिरिका पर्वतलगायत स्थानबाट ठूलै सङ्ख्यामा नेपालगञ्जसहित बाँके, बर्दीयामा मानिस बसाइँ सरेका छन्। कास्कीकै तारकाङ, तप्राङलगायत स्थानबाट पनि उक्त क्षेत्रमा बसाइँ सर्नेको सङ्ख्या ठूलो छ। बसाइँ सरेर जानेहरूका साथै पर्यटकको रुपमा आवतजावत गर्न चाहनेहरूका कारण पोखरा-नेपालगञ्ज हवाई उडान गर्नेको सङ्ख्या बढ्ने विश्वास लिइएको स्टेशन म्यानेजर बरालले बताउनुभयो। पोखरालाई आधार बनाएर नयाँ गन्तव्यमा उडान भर्दा यहाँको पर्यटन प्रवर्द्धनमा पनि उत्तिकै टेवा पुग्ने विश्वास लिइएको छ। प्रदेश सरकारले पोखरालाई पर्यटनको राजधानी घोषणा गर्न माग गरिरहेकामा काठमाडौँपछिको दास्रो पर्यटन केन्द्र बनाउने प्रयासमा यहाँका पर्यटन व्यवसायी लागिपरेका छन्। यसअघि अघिल्लो वर्ष फागुनमा नाट्टा गण्डकी प्रदेश र नेपालगञ्ज बाँके च्याप्टरको संयोजनमा सीता एयरको जहाज चाटर्ड गरी हप्तामा तीनवटासम्म उडान थालिएको थियो।

लगभग दुई महिना चाटर्ड गरी उडान गरिए पनि पुनः कोरोनाको दोस्रो लहरका कारण उक्त योजनामा असर परेको नाट्टा गण्डकी प्रदेशका सदस्य एवं हवाई उपसमिति संयोजक सन्दिप श्रेष्ठले जानकारी दिनुभयो। बुद्धले नेपालगञ्जका साथै चाँडै नै विराटनगर र सिमरामा पनि उडान भर्ने तयारी गरेको छ। हाल पोखरा-काठमाडौँ दैनिक आठवटा उडान भरिरहेकामा पोखरा-भैरहवा दैनिक दुई र पोखरा-भरतपुर दैनिक एउटा उडान भरिरहेको छ।

पोखरा र नेपालगञ्जबीचको उडानसँगै बर्दीया राष्ट्रिय निकुञ्ज, कर्णाली चिसापानी र रारासम्मको यात्रा गर्न भारतको लखनउ, कानपुर, दिल्लीसम्मका पर्यटकको चाप पोखरामा बढ्ने विश्वास लिइएको छ। यहाँका धार्मिक तथा पर्यटकीयस्थल विन्ध्यवासिनी, तालबाराही, नेपालगञ्जको बागेश्वरीलगायत तीर्थस्थल पुग्न चाहनेका लागि पनि यो उडान फलदायी बन्ने विश्वास लिइएको छ। कोरोनाका कारण भारतीय बोर्डर नखुल्दा आवतजावत रोकिए पनि अवस्था केही सहज भएसँगै भारतीय पर्यटकलाई पोखरा भित्र्याउन पनि यो उडान बहुउपयोगी बन्ने नाट्टा प्रदेश अध्यक्ष सिग्देलको भनाइ छ।

पोखरालाई आधार बनाएर काठमाडौँसहित विभिन्न शहरबाट हाल दैनिक एक हजार ५०० यात्रु हवाई उडानबाट आवतजावत गरिरहेको पोखरा विमानस्थल कार्यालयका प्रमुख विक्रम गौतमले बताउनुभयो। कोरोना कहरअघि पोखराबाट दैनिक ३० नियमित उडान हुने गरेकामा अहिले भने १० उडान सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो। यात्रुको स्वास्थ्य र सुरक्षालाई दृष्टिगत गरी स्वास्थ्य मापदण्ड कडाइका साथ लागू गरिएको उल्लेख गर्दै उहाँले कोरोना कहर अघि पोखरालाई आधार बनाएर दैनिक पाँच हजारसम्म यात्रु हवाई उडानमार्फत आवतजावत गरिरहेको बताउनुभयो।




# ५१ पदकसहित चीन शीर्ष स्थानमा कायमै

रासस
काठमाडौं, १७ साउन

जापानको राजधानी टोकियोमा जारी ३२औं ग्रीष्मकालीन ओलम्पिक खेलकूदमा चीन ५१ पदकसहित शीर्ष स्थानमा कायमै रहेको छ। अमेरिका र जापानलाई उछिन्दै चीन शीर्ष स्थान ओगट्न सफल भएको हो।

चीनले हालसम्म २४ स्वर्ण, १४ रजत र १३ कास्य पदक प्राप्त गरेको छ। अमेरिका दोस्रो तथा जापान तेस्रो स्थानमा रहेका छन्। अमेरिकाले २० स्वर्ण, २३ रजत र १६ कास्य पदक प्राप्त गरेको छ भने जापानले १७ स्वर्ण, पाँच रजत र नौ कास्य प्राप्त गर्न सफल भएको छ। यस्तै अस्ट्रेलिया १४ स्वर्ण, तीन रजत र १४ कास्य पदक प्राप्त गर्दै चौंथो स्थानमा उक्लेको छ।


यसैगरी रसियन ओलम्पिक कमिटी पदक तालिकाको पाँचौं स्थानमा झरेको छ। उसले १२ स्वर्ण, १९ रजत र १३ कास्य पदक प्राप्त गरेको छ। बेलायत १० स्वर्ण, १० रजत र १२ कास्यसहित छैटौं, फ्रान्स पाँच स्वर्ण, १० रजत र ६ कास्यका साथ सातौं, दक्षिण कोरिया पाँच स्वर्ण, चार रजत र आठ कास्य जित्दै आठौं, इटाली चार स्वर्ण, आठ रजत र १५ कास्यका साथ नवौं तथा नेदरल्याण्डस् चार स्वर्ण, सात रजत र ६ कास्यका साथ पदक तालिकाको १०औं स्थानमा रहेको टोकियो ओलम्पिकको वेभसाइटमा उल्लेख छ। टोकियो ओलम्पिकमा सहभागी २०५ देशमध्ये हालसम्म ७६ देशले पदक प्राप्त गर्न सफल भएका छन्।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस् ।
– सास लिभोसन

## सम्पादकीय

# दार्चुलाबासीको सधैंको पीडा

दार्चुला जिल्ला सदरमुकाम हुँदै काठमाडौं आउनका लागि सीमानदी महाकालीमा लगाइएको तुइन तर्न लाग्दा शुक्रबार मात्र स्थानीय जयसिंह धामी भारतीय सीमा सुरक्षा बलको मानवताविरोधी अपराधको सिकार भए । वैदेशिक रोजगारीमा जानका लागि जिल्ला सदरमुकाम आउन लाग्दा तुईन काटिदिए महाकाली नदिमा खसे । उनी बेपत्ता छन । प्रत्यक्षदर्शीले तुईनबाट महाकाली तर्दा एसएसबीले डोरी काटेका थिए । एक्काइसौं शताब्दीमा पनि यस्तो अमानवीय व्यवहार हुनु दुखद र खेदजन्य काम हो । नेपालबाटै सडक जोडिएको हुन्थ्यो भने उनको ज्यान जाने थिएन, उनका कलिला सन्तानले टुहुरिनुपर्ने थिएन । गत वर्ष चुच्चे नक्सा प्रकाशित हुँदा देशमा केही जागरण आएको थियो । सेना र सशस्त्र प्रहरीसहित नेपाल प्रहरीका पोस्टहरू विस्तार गरिएका थिए । गोरेटो खन्न थालिएको थियो । भारतले महाकालीपारि बनाइरहेको सडकले यताको सडक मिचेको छ ।

खोलाको भेल नेपालको पहाडतिर धकेलिएको छ । यी यावत् विषयले धेरै पाटाको संकेत गर्छन्, भारत नेपालको विश्वसनीय र असल छिमेकी बन्न सकेको छैन । मौका पाउँदा नेपालीलाई हेप्छ, भन्ने पटकपटकको घटनाले स्पष्ट पारेको छासिमा मिच्ने काम रोकिएको छैन । नेपाल भित्र छिरेर भारती सिमा सुरक्षा बलले मानिसको ज्यानसमेत लिएको छ । आफ्नै नागरिकलाई आन्तरिक आवागमनको व्यवस्थासमेत गर्न नसक्ने राज्यले न ती जनताको रक्षा गर्न सक्छ, न रणनीतिक हितको सुरक्षा ।सरकारले भारतसंग घटनाको बारेमा जानकारी माग्नुपर्छघटनाको बारेमा सत्य तथ्य ल्याउन नागरिक र राजनीतिक दलले माग गरेका छन । सरकार उल्टै संचार माध्यमले बढाई चढाई गरेको भनेर हतोत्साही गर्न खोज्दैछ । आफ्नो देशको नागरिक बेपत्ता भएको छाभारतीय सिमा सुरक्षाबलको अमानवीय र क्रुर ब्यवहारको बिरोध जनाउनुपर्नेमा ढाकछोप गर्न खोज्नु विडम्बना हो ।

अहिलेचाहिँ भारतको हेपाहा, मिचाहा र हत्यारा सीमा सुरक्षा बलका क्याडरमाथि कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिनुपर्ने विषय महत्वपूर्ण हो । भारतले नेपालसँग यसका लागि माफी माग्नुपर्छ, सम्बन्धित अधिकारीलाई व्यक्तिहत्याको अपराधमा मुद्दा चलाउनुपर्छ । यसका लागि नेपाल सरकारले तत्काल कदम चालोस्, नेपाली जनताको साथ दिन्छन् । भारतले नेपालमाथि नाकाबन्दी लगाउँदा त्यसको तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले बिरोध गरेका थिए ।जनताले साथ दिएगतवर्ष भारतले मिचेको भुमि समेटेर नक्सा सार्वजनिक गर्दा नागरिकले सरकारलाई साथ दिएजनताले भारतीय थिचोमिचो र अमानवीय ब्यवहारको डटेर बिरोध गर्छन । सरकारलाई सधैं साथ दिन्छन् । सरकारले दरो खुड्डा टेक्नुपर्दछ ।

गृह मन्त्रालयले दार्चुलमा तुइनबाट खसेर नेपाली युवक जयसिंह धामी वेपत्ता भएको घटनाको छानविन गर्न समिति गठन गरेको छ । मन्त्रालयका सहसचिव जनार्दन गौतमको संयोजकत्वमा पाँच सदस्यीय समितिमा नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक पुरुषोत्तम कंडेल, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक हुतराज थापा, सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक सुरेशकुमार श्रेष्ठ र जिल्ला प्रशासन कार्यालय, दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी ज्योत्सना भट्ट सदस्य रहेका छन् । छानविन समितिलाई १० दिनको समय दिइएको छ ।समितिले सत्य तथ्य ल्याउने र सधै दार्चुलाबासीले भारतीय शाशकको थिचोमिचो र अमानवीय यातना सहनुपर्ने अवस्थाको अन्त्य हुने अवसर पनि हो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सम्मान मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : मानसिक तनाव |
| सिंह | : शत्रुको भय | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।

# विस्तारै उठ्दैछ कोरोनाले थलिएको पोखराको पर्यटन

–वासुदेव पौडेल
कास्की, १७ साउन (रासस)

झण्डै दुई वर्षयता कोरोना कहरका कारण पर्यटकीय नगरी पोखरामा व्यवसाय ठप्प छ । व्यवसाय ठप्प भएसँगै यस क्षेत्रमा सम्बद्ध मजदूर बेरोजगार बनेका छन् । गत वर्ष कोरोनाको पहिलो लहर केही साम्य भएसँगै पोखराका पर्यटन व्यवसायीमा जागेको आशा महामारीको दोस्रो लहरले भत्काइदिएको छ ।

नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा आन्तरिक पर्यटनलाई चलायमान बनाउने उद्देश्यका साथ पर्यटन सम्बद्ध सङ्घसंस्थाले प्रवर्द्धनात्मक कार्यक्रमका गतिविधि अघि बढाएका थिए । त्यसक्रममा मर्दी हिमाल पदयात्रादेखि धम्पुस पिक आरोहणका साथै प्रदेशका ढोरपाटनदेखिनवलपुरसम्मका विभिन्न स्थानमा प्रवर्द्धनका कार्यक्रम सम्पन्न भएका थिए । कोरोनाको दोस्रो लहर बढेपछि यी सबै क्रियाकलापसमेत पुनःठप्प बनेको पर्यटन अझै सुनसान छ ।

पर्यटनलाई पुनःचलायमान बनाउन यतिखेर पोखराका पर्यटन व्यवसायी प्रदेश हुँदै सङ्घीय सरकारसँग खोपको सुनिश्चितताको माग गरेका छन् । पोखरा पर्यटन परिषद्को अगुवाइमा पछिल्ला दिनमा प्रदेशका मुख्यमन्त्रीदेखि सम्बद्ध मन्त्रीलाई भेटी पर्यटन क्षेत्रलाई चलायमान बनाउन तत्काल खोपको व्यवस्था गर्न माग गरिएको छ ।

परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई आफूहरूलाई पहिलो चरणमा होटल तथा रेष्टुरेन्टसहितका मजदूर एवं व्यवसायीलाई लक्षित गरी कोरोनाविरुद्धको पाँच हजार खोप तत्काल आवश्यक भएको बताउनुहुन्छ । "पोखरामा पर्यटन व्यवसायीका लागि भने २० हजार मात्रा खोप आवश्यक भए पनि तत्कालका लागि पर्यटन बजारमा राम्रो सन्देश दिने गरी पाँच हजार खोप व्यवस्था गर्न माग गरेका छौं", उहाँले भन्नुभयो ।

गण्डकी प्रदेश सरकारले अघिल्लो वर्षमा ल्याएको एक अर्बको व्यवसाय जीवन रक्षा कोष अधिकांश साना तथा मझौला व्यवसायीको पहुँचमा नभएको दाबी गर्दै उहाँले बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋणको किस्ता तथा ब्याज आगामी दुई वर्षसम्म तिर्नसक्ने कुनै सम्भावना नभएकाले कर्जा तालिकालाई पुर्नतालिकीकरण गर्नुपर्ने बताउनुभयो । मौद्रिक नीतिमा आगामी आर्थिक वर्ष २०७८/०७९ मा पर्यटन प्राथमिकता प्राप्त क्षेत्रका रुपमा सम्बोधन गरी हरेक बैंकले बढीमा पाँच प्रतिशत ऋण सहुलियत ब्याजदरमा पर्यटन उद्योगमा अनिवार्य लगानी गर्ने गरी व्यवस्था मिलाउनुपर्नेमा व्यवसायीको जोड छ । पोखराको पर्यटनमा सम्भावना देखेर नै लगानीका लागि हात बढाएका व्यवसायीलाई एकपछि अर्को गर्दै आएको कोरोना कहरका शृङ्खलाले मर्माहत बनाएको छ । ढपक्क हिउँले ढाकिएको चाँदीजस्तै टलक्क टल्कने माछापुच्छ्रे, अन्नपूर्णलगायतका हिमाल, तालमा टलपल पानी पर्यटकको स्वागत गर्न नपाउँदा फिका जस्तै बनेका छन् । पर्यटन क्षेत्र अझै पनि राज्यको प्राथमिकतामा पर्न नसकेको र सर्वसाधारणसँग प्रत्यक्ष सम्पर्कमा रहने पर्यटन व्यवसायीलाई हालसम्म पनि कोरोनाको खोप नदिँदा आफूहरूलाई चिन्तित बनाएको व्यवसायी बताउँछन् ।

विगतमा नियमित मात्र नभई नेपाल भ्रमण वर्ष, गण्डकी प्रदेश भ्रमण वर्ष आदिका नाममा यहाँका पर्यटन व्यवसायीले अधिकतम पर्यटक भित्र्याउने लक्ष्यका साथ ठूलै लगानीमा पूर्वाधार निर्माण गरेका थिए । जनस्तरबाटसमेत ठाउँठाउँमा पर्यटन लक्षित पूर्वाधार विकासलाई निरन्तरता दिइएको छ । कोरोनाका कारण देशका अधिकांश आयोजनासँगै विकास निर्माणमा पनि असर परेको अवस्थामा पोखरा महानगरपालिका-२२ स्थित पुम्दीकोटमा जनस्तरबाट विशाल महादेवको मूर्ति निर्माण गरिएको छ । पुम्दीकोटमा यतिखेर ५१ फिट उचाइको महादेवको मूर्ति स्थापना गरि एसँगै सो स्थानमा आन्तरिक पर्यटक पुग्ने क्रमले गति लिन थालेको छ ।

पछिल्ला दिनमा निषेधाज्ञा खुकुलो बन्दै गएपछि आन्तरिक पर्यटकको चाप बढ्न थालेकाले आगामी दिन यो स्थल यस क्षेत्रको महत्वपूर्ण गन्तव्यस्थल बन्ने पोखरा महानगरपालिका-२२ का वडासदस्य मातृका बरालले बताउनुभयो ।

कोरोनाको डर हुँदा पनि सबैको साथ र सहयोगमा निर्माण कार्यले निरन्तरता पाउँदा महादेवको मूर्ति राख्न सम्भव भएको बताउँदै उहाँले विस्तारै कोरोनाको प्रभाव कम हुँदै पर्यटनमा नवीनतम् आशा र विश्वास पलाएर जाने विश्वास व्यक्त गर्नुभयो । समितिका अध्यक्ष एवं निर्माण समितिका संयोजक चन्द्रकान्त बरालका अनुसार पुम्दीकोटका प्रचुर पर्यटकीय सम्भावनालाई दृष्टिगत गर्दै विशाल महादेवको मूर्ति निर्माणका लागि अभियान थालिएको थियो । पोखराको मुख्य बजार क्षेत्रबाट झण्डै १३ किमी दूरीमा रहेको पुम्दीकोटबाट पोखरा उपत्यकासहित हिमाली शृङ् खला अवलोकन गर्न सकिन्छ ।

पुम्दीकोटमा मूर्ति स्थापनाका साथै प्रशासनिक भवन र गुरु महाराज आश्रम पनि निर्माण भइसकेका छन् । समितिले गुरुयोजनाअनुसार आगामी दिन शान्ति आश्रम, सुमेरु पर्वत, ज्येष्ठ नागरिक मिलन केन्द्र, हरियाली बगैँचा निर्माण गर्ने लक्ष्य राखिएको छ । त्यस्तै शिवलीला, वन्यजन्तुको जीवनचक्र देखाउने प्रोजेक्टर आदि पनि निर्माण गरिने जनाइएको छ । त्यस्तै मूर्ति परिसरमा गणेश, मनोरेल, १०८ धारा, पाँच फिट अग्लो शिवलिङ्ग स्थापना गरिने संयोजक बरालले जानकारी दिनुभयो ।

कोरोनाका बाबजुद पनि स्वास्थ्य सजगता अपनाइ दैनिक २०-२५ जनाले निरन्तर काम गरेका कारण मूर्ति राख्न सम्भव भएको समितिले जनाएको छ । यहाँबाट फेवातालसहितको पोखराबजार, अन्नपूर्ण, माछापुच्छ्रेलगायत हिमशृङ् खला एकसाथ देख्न सकिन्छ । चाँडै नै कोरोना कहर हट्ने र पर्यटनमा आशा जगाउने बरालले बताउनुभयो । तथ्याङ्कअनुसार पोखराका होटेल तथा रिसोर्टमा ७०० व्यवसायी आबद्ध छन् ।

यस व्यवसायमा पर्यटन व्यवसायीको आफ्नो लगानी ५० अर्ब छ भने बैंकको लगानी ७५ अर्ब छ । यस व्यवसायबाट १२ हजार २ ९८ जनाले रोजगारी पाएका छन् । त्यस्तै रेष्टुरेन्ट तथा बारतर्फ १०० जना व्यवसायी आबद्ध छन् । यसमा रु एक अर्ब व्यवसायीको आफ्नै लगानी छ भने तीन अर्ब बैंकको लगानी छ । ट्रेकिङ एजेन्सिजतर्फ १५९ व्यवसायी आबद्ध भएका छन् र यसमा व्यवसायीको आफ्नै रु ३२ करोड लगानी छ । यसमा ४२ करोड ९७ लाख ६० हजार बैंकको लगानी छ । यसबाट एक हजार २७२ जनाले रोजगारी पाएका छन् । ट्राभल्स एजेन्सिजतर्फ १८१ जना व्यवसायी आबद्ध भएकामा उनीहरूको आफ्नै लगानी रु ७९ करोड ७५ लाख ५० हजार छ भने रु १८ करोड ६० लाख ९५ हजार बैंकको लगानी छ ।

पोखरामा पर्यटन सम्बद्ध प्याराग्लाइडिङ तथा अल्ट्रालाइट, ट्रेकिङ इक्युपमेन्ट सप, इम्ब्रोइडरी एण्ड गार्मेन्ट सप, पर्यटक यातायात व्यवसायी, गाउँ पर्यटन, पर्वतारोहण आदिमा व्यवसायीको करौडौं रुपैयाँ लगानी छ भने बैंकको लगानी पनि त्यत्तिकै रहेको छ । पोखरामा सबै किसिमका पर्यटनसम्बद्ध व्यवसायमा झण्डै २१ हजार जनशक्तिले रोजगारी पाएका छन् । कोरोना कहरका कारण व्यवसाय नै बन्द हुँदा यस क्षेत्रमा खटिने जनशक्तिलाई कसरी जोगाउने भन्ने चिन्ता छ । पोखराका साथै गण्डकी प्रदेशका विभिन्न जिल्लाका गाउँमा घरबास कार्यक्रमअन्तर्गत पनि ठूलै लगानी भइसकेको गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशका अध्यक्ष नवराज अधिकारीले बताउनुभयो । कोरोनाको कहर विस्तारै कम हुँदै जाने र पर्यटन क्षेत्र चलायमान हुने विश्वासका साथ गाउँ पर्यटनलाई प्रविधिमैत्री बनाउन पहल गरिएको उहाँले बताउनुभयो । प्रदेशमा सञ्चालित घरबास सेवालाई प्रभावकारी बनाउने उद्देश्यका साथ नेपाल पर्यटन बोर्डको सहयोग एवं गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ) गण्डकी प्रदेशको संयोजनमा हालै होमस्टे मोबाइल एप सेवा सञ्चालनमा ल्याइएको छ ।

"प्रदेशभित्रका घरबासलाई अनलाइन प्रविधिमार्फत बुकिङ गर्न मिल्ने, पैसा तिर्न मिल्ने सुविधा एवं सबै घरबासबारे बुझ्न मिल्ने गरी होमस्टे मोबाइल एप सञ्चालनमा ल्याएका हौँ", उहाँले भन्नुभयो ।

मोबाइल एप पहिलो चरणमा यो भिटोफ गण्डकी प्रदेशबाट सञ्चालन हुने र सम्बन्धित होमस्टे सक्षम भएपछि उनीहरूले नै सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । एपमार्फत हाल ५० वटा होमस्टे बुकिङ गर्न मिल्ने छ भने अन्य २५४ होमस्टेका विवरण त्यहीबाट जानकारी लिन सकिने छ । पोखराको पर्यटनलाई विसं २०७२ को विनाशकारी भूकम्पसहित त्यसयता भएका नाकाबन्दी, टर्किस् एयरको जहाज दुर्घटना, अन्नपूर्ण क्षेत्रको हुदहुद आँधी, डेङ्गु, बर्डफ्लू, बाढीपहिरोजस्ता धेरै घटनाक्रमले प्रभावित पारे पनि यति लामो समयसम्म प्रभावित भएको भने पहिलो पटक हो । पछिल्ला वर्षमा सन् २०१८ मा ११ लाख ७३ हजार विदेशी पर्यटक आएका थिए भने सन् २०१९ मा ११ लाख ९७ हजार विदेशी पर्यटक नेपाल भित्रिएका थिए । सन् २०२० को भने शुरुआतदेखि नै कोरोना कहरका कारण पर्यटक आवागमन प्रभावित बनेको छ । नेपाल आउने पर्यटकमध्ये पोखरा क्षेत्रमा करिब ४० प्रतिशत आउने गरेका छन् । हिमाल आरोहणको इतिहासमा पहिलोपटक सन् १९५० जुन ३ मा अन्नपूर्ण प्रथमको सफल आरोहण गरेको फ्रान्सेली नागरिक मौरिस हर्जोगको टोली आरोहणमा जाँदा र आउँदा त्यस टोलीका सदस्य पोखरा बास बसेका थिए । त्यस समयमा पोखरामा त्यस्तो पर्यटकीय पूर्वाधार केही बनिसकेको पनि थिएन । त्यसको एक दशकपछि सन् १९६० देखि पोखरामा 'हिप्पी' पर्यटकको आगमन भएसँगै यहाँको पर्यटकीय गतिविधि बढेको पाइन्छ । सन् १९६६ मा विश्व पदयात्री एरिक सिप्टनले अन्नपूर्ण आधार शिविरमा पदयात्रा गर्दा पनि उनीहरूले आउँदाजाँदा बस्ने ठाउँ पोखरा नै रोजेका थिए । हिप्पी पर्यटकको आगमनपछि थालिएको पोखराको पर्यटकीय पूर्वाधार विकास सन् १९८० को दशकदेखि विस्तारै फस्टाउन थालेको हो ।

माछापुच्छ्रे हिमालको छायाँ देखिने फेवातालका साथै दृश्यावलोकनका लागि सराङकोट, विश्वशान्ति स्तूपा, काहुँडाडा, पुम्दीकोट, हुडिकोट, ढूलाकोट, भरतपोखरीस्थित मल्लकालीन कोटभैरव जस्ता धेरै स्थान यहाँका पर्यटकीय आकर्षण हुन् । महेन्द्र गुफा, चमेरे गुफा, गुप्तेश्वर गुफासहित बीचभाग भएर बग्ने सेती नदी र पातले छाँगो पोखरा आउने पर्यटकले नछुटाउने गन्तव्य हुन् ।

यी स्थानका अतिरिक्त रामसार सूचीमा सूचिकृत फेवातालसहित पोखराकै कमलपोखरी, लेखनाथ क्षेत्रका बेगनास, रुपा, खास्टे, दिपाङ, मैदी, न्युरेनी जस्ता ताललेे पोखरामा पर्यटकलाई लोभ्याउने गरेको छ । पोखरा हुँदै हिमालपारीको जिल्लास्थित पवित्र तीर्थस्थल मुक्तिनाथको दर्शनमा जाने दर्शनार्थी हुन् वा यही आसपासका तालबाराही, विन्ध्यवासिनी, भद्रकाली, गुप्तेश्वर महादेवलगायतका स्थलमा दर्शनका लागि पनि पर्यटक आउने गर्दछन् । कोरोना कहरका बाबजुद पनि चाँडै नै पर्यटन क्षेत्र चलायमान बन्ने विश्वासका साथ पोखरासहित समग्र गण्डकी प्रदेशको पर्यटकीय 'ब्रान्डिङ' गर्ने विषयलाई प्राथमिकतामा राखिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख काशीराज भण्डारीले बताउनुभयो । ब्रान्डिङकै क्रममा विगतमा प्याराडाइज पोखराका नामबाट परिचित पोखरालाई अब 'पोखरा, पियोर एज प्याराडाइज' भनी उल्लेख गरिएको भण्डारीले जानकारी दिनुभयो ।

पर्यटन क्षेत्रलाई बचाउनका लागि त्यहाँ काम गर्ने मजदूरलाई टिकाउनु जरुरी भएकाले उनीहरूलाई आगामी दिनमा पदयात्रा मार्गको संरक्षण, मर्मतसम्भार आदिमा लगाउने लक्ष्य राखिएको भण्डारीले जानकारी दिनुभयो ।"घरबासका पूर्वाधार विकास आदिका लागि पनि पर्यटन क्षेत्रका मजदूरलाई रोजगारी सिर्जना गर्ने सोचका साथ समुदायमा आधारित रोजगारी सिर्जना गर्ने किसिमका कार्यक्रम पनि अघि बढाउने सोचमा छौं", उहाँले भन्नुभयो ।

# 'तपाईंको मास्क खै' अभियान शुरु

पोखरापत्र संवाददाता
गोरखा, १७ साउन

जिल्लामा निषेधाज्ञा केही खुकुलो पारेसँगै कोरोना सङ्क्रमणको दर बढ्न थालेको छ । सार्वजनिक सवारी साधन, पसल, बैंक तथा वित्तीय संस्था खुल्दा दिनदिनै सङ्क्रमणको दर उच्च हुँदै गएकाले सङ्क्रमण रोकथाम र न्यूनीकरणका लागि सामुदायिक सेवा केन्द्र र प्रहरीले 'तपाईंको मास्क खै' अभियान शुरु गरेको छ ।

स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाएर व्यवसाय सञ्चालन गर्दा सङ्क्रमण रोकिनेभन्दा झनझन बढ्न थालेकाले सचेत गराउ अभियान शुरु गरिएको केन्द्रका अध्यक्ष सुशीलबाबु श्रेष्ठले जानकारी दिनुभयो ।

"कोरोना सङ्क्रमण बढ्दै गएको छ, मानिस घरबाहिर निस्कदा र भीडभाडमा जाँदसमेत मास्क नलगाई निस्कने गरेका छन्", उहाँले भन्नुभयो, "घरबाहिर निस्कदा मास्क नलगाई निस्कनु हुन्न भन्ने चेतना फैलाउन पनि अभियान थालिएको हो । यसका लागि केन्द्र र जिल्ला प्रहरी कार्यालयले सदरमुकामभित्र जनचेतनामूलक पर्चा पम्प्लेटसहित मास्क नलगाउनेलाई मास्क लगाएर मात्र हिँडडुल गर्न आग्रह गर्न थालिएको छ ।" "बजार क्षेत्र भीडभाड उत्तिकै छ, यस्तो अवस्था नागरिक आफै सचेत हुनुपर्नेमा त्यस्तो देखिदैन", अध्यक्ष श्रेष्ठले भन्नुभयो, "बाक्लो चहलपहल भएका स्थानमा समेत स्वास्थ्य सुरक्षाको सावधानी अपनाउनेको सङ्ख्या कम भएकाले पनि सङ्क्रमण झन बढ्न थालेको हो ।" अभियानका क्रममा मास्क लगाएर पनि सुरक्षित हुने गरी नलगाउने व्यक्तिलाई अभियानकर्मीले रोकेर मास्क लगाउन सिकाउन थालेको उहाँले जानकारी दिनुभयो ।

प्रहरीले भीडभाडमा सामाजिक दूरी कायम नगर्ने र मास्क नलगाउनेलाई सम्झाइबुझाइ गरी छोड्ने गरेको प्रमुख प्रहरी उपरीक्षक (एसपी) शेखर खनालले जानकारी दिनुभयो । 'केहीदिन सम्झाइबुझाइ गर्ने हो, अब पनि अटेरी गर्नेलाई नियन्त्रणमा लिएर कारवाही गर्छौं, उहाँले भन्नुभयो, "कोरोना सङ्क्रमण रोकन सबै नागरिक सचेत हुनु जरुरी छ ।" गोरखा नगरपालिकाकी उपप्रमुख बिनाकुमारी श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी शालिकग्राम शर्मा पौडेल, उक्त केन्द्रका अध्यक्ष सुशीलबाबु श्रेष्ठसहितको टोलीले सदरमुकामको लोकतान्त्रिक चोक, शक्तिचोक, पुरानो बसपार्क, नयाँ बजार, छिपीटोलसम्म माइकिङ गर्दै मास्क लगाउन र कोरोना सङ्क्रमणबाट सुरक्षित रहन स्थानीयवासीलाई आग्रह गरेको थियो । जिल्लामा बिहीबार ४३ जनामा सङ्क्रमण भएको देखिएकामा शनिबार १०३ पुगेको थियो । जिल्लाभर अहिलेसम्म सक्रिय सङ्क्रमितको सङ्ख्या ५२६ रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# गाउँपालिकालाई दुई लाखको स्वास्थ्य सामग्री सहयोग

पोखरापत्र संवाददाता
दमौली, १७ साउन

कारितास नेपाल धोबिघाट ललितपुरले तनहुँको घिरिङ गाउँपालिकालाई रु दुई लाख भन्दा बढीको स्वास्थ्य सामग्री सहयोग गरेको छ । कोभिड-१९ सँग जुध्न उक्त संस्थाले गाउँपालिकालाई रु दुई लाख १८ हजार ५३७ बराबर स्वास्थ्य सामग्री सहयोग गरेको हो ।

कोभिड-१९ रोकथाम तथा नियन्त्रणमा सहयोग पुऱ्याउने उद्देश्यले सामग्री हस्तान्तरण गरिएको संस्थाका प्रतिनिधि प्रकाशचन्द्र चाडले जानकारी दिनुभयो ।

गाउँपालिकाका अध्यक्ष रनबहादुर रानाले स्वास्थ्य सामग्रीले कोभिड नियन्त्रणका लागि सहयोग पुग्ने जनाउँदै उक्त संस्थाप्रति धन्यवाद व्यक्त गर्नुभयो । गाउँपालिकालाई मास्क, स्यानीटाइजर, पिपिई, पञ्जा, फेसशिल्ड, स्यानीटाइजरलगायतका सामग्री सहयोग गरिएको छ ।

यसअघि सोही संस्थाले दमौली अस्पताल र शुक्लागण्डकीस्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई रु ३० लाख ५२ हजार १५७ बराबरको स्वास्थ्य सामग्री सहयोग गरेको थियो । दमौली अस्पताललाई रु १९ लाख १५ हजार १२३ र जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई रु ११ लाख ३७ हजार ३४ बराबरको स्वास्थ्य सामग्री सहयोग गरिएको थियो । उक्त संस्थाले गण्डकी प्रदेशका सात अस्पताललाई रु एक करोड २० लाख ९८ हजार ४११ बराबरको स्वास्थ्य सामग्री सहयोग गरिसकेको छ ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# मध्यरातमा कालीगण्डकीको दोहन

– खेमराज गौतम
बागलुङ, १७ साउन (रासस)

बिहीबार रातको ठिक १२ बजेको थियो । कालीगण्डकी किनारमा रहेको राजमार्ग पोखरा-मालढुङ्गा र मालढुङ्गा-बेनी सडकमा सवारी गुड्न बन्द भइसकेका थिए । कालीगण्डकी आफ्नै बेगले बगिरेहको थियो, जताततै सुनसान थियो । नागरिक निद्रामा मस्त थिए।

यही समयमा बागलुङ र पर्वत जोड्ने लामो झोलुङ्गे पुलमुनिको राजाको बगर भएर दुईवटा जेसिभी कालीगण्डकी नदीमा ओर्ले । दिनभर आफ्नै गतिमा बगेको कालीगण्डकीलाई रातमा बिथोलिन खोजिन्छ। कालीगण्डकी सभ्यता, कालीगण्डकी डाइभर्सन र चुरे अहिले जोडतोडले उठेको विषय हो । अन्य स्थानमा कालीगण्डकी दोहन रोकिए पनि पर्वत र बागलुङ खण्डमा दोहनले मध्यरातमा निरन्तरता पाइरहेको छ।

सोही रात कालीगण्डकी सभ्यता बचाउन अभियानकर्मी आरके अदिप्त गिरीसहितका युवा, पत्रकार तथा अधिकारकर्मीसहितको टोली कालीगण्डकी दोहनको अवलोकन गर्न कालीगण्डकीमाथिको पुलमा पुगेको थियो । कालीगण्डकी नदीको अवैध दोहन गर्न पुगेका जेसिभी, दायाँबायाँ हेरालु र वारिपारि सुराकीहरू परिचालन गरिएको थियो। लाग्छ उनीहरू नेपाल प्रहरीभन्दा बढी क्षमतामा दोहनको सुरक्षा गरेका थिए। राजाको बगरमा भएको दोहन त एक उदाहरण मात्रै हो । लस्ती बगर, दम्मुवाखोला, कालाखोला बगर, मालढुङ्गाको वारिपारि बगर र जलजलाका अधिकांश स्थनामा रातभर नदी दोहन हुने गरेको छ।

राज्यले ठेक्का लगाएको समयमा दिउँसै अवैध उत्खनन गर्ने कालीगण्डकी दोहनकर्ताहरू ठेक्का नलगाएको बर्खाको समयमा मध्यरातमा कालीगण्डकी लुटिरहेका छन् । कालीगण्डकीको छातीमा दोहनकर्ताले रातभर रजाइँ गरेको श्रव्यदृश्यसमेत मध्यरातमा अवलोकनका लागि पुगेको उक्त कालीगण्डकी बचाऊ अभियान टोलीले कैद गरेको छ।

रातको १२ बजेदेखि २ बजेसम्म राजाको बगरमा कालीगण्डकी दोहन हुन्छ, भोलिपल्ट दोहनबाट निकालिएको बालुवा बिक्री गरिन्छ । दोहनकै समयमा धवलागिरिको साविक सदरमुकाम रहेको बागलुङ बजारबाट कालिका मन्दिरसम्म प्रहरीको गस्ती भइरहेको हुन्छ भने दोहन गरिरहेको नजिकै मालढुङ्गामा प्रहरीसमेत भए पनि उनीहरू मौन बस्ने गरेका छन् ।

कालीगण्डकीलाई लुटेर खान पल्केका विरुद्ध कालीगण्डकी बचाऊ अभियानको निरन्तर खबरदारी हुने कालीगण्डकी बचाऊ अभियानका मुख्य अभियानकर्मी तथा प्राकृतिक विषयमा पत्रकारिता गर्ने गिरीले बताउनुभयो। "हामीले निरन्तर नदी दोहनको विषयमा आवाज उठाइरहेका छौँ, केही स्थानमा सकरात्मकरूपमा दोहन रोकिएको अवस्था छ, तर पर्वत खण्डमा नदी दोहन रोक्न सकिएको छैन, प्रहरीले २४सै घण्टा नदी दोहनको अनुगमन गरेको बताएको छ तर रातको १२ बजे नदीमा स्काभेटर लगाइन्छ, हामीले साङ्केतिकरूपमा रातको १ बजे बत्ती बालेर दोहनस्थलमा विरोध जनाएका छौँ", गिरीले भन्नुभयो, "यसमा बागलुङ, म्याग्दीसहित अन्य जिल्लाका युवा तथा पत्रकारको समेत साथ र सहयोग छ, हाम्रो अभियान अझै सशक्त बन्दै जानेछ।"

असार १ देखि भदौ १५ सम्म नदीजन्य पदार्थ उत्खनन गर्न नपाइने गण्डकी प्रदेशको कानून भए पनि राज्यसत्ताको मिलेमतोमामध्यरातमा कालीगण्डकी दोहन भइरहेको प्रत्यक्षदर्शी अधिकारकर्मी तथा अधिवक्ता राम शर्माले बताउनुभयो। नेपालकै पुरानो सभ्यतामध्येको एक कालीगण्डकी सभ्यता पछिल्लो समय लोप हुने खतरा रहेकाले विश्वमै एक मात्र शालिग्राम पाइने नदीको संरक्षण हुनुपर्ने जनस्तरबाटै आवाज उठ्न थालेको छ । पर्वत प्रहरीले २४सै घण्टा नदी किनारामा प्रहरी खटाइएको दाबी गर्दै आएको छ। प्रहरीले २४सै घण्टा दोहन नियन्त्रणमा लिनका लागि प्रहरी खटाएको र केही मात्रमा दोहन नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रमुख प्रहरी नायब उपरीक्षक शिवराज बुढाथोकीले जानकारी दिनुभयो।

"म पर्वत आएको एक महिना भयो, दोहन पूर्णरूपमा रोक्ने हाम्रो नीति छ, अहिले पनि किनारामै सवारीसहित प्रहरी परिचालन भएको छ, रातभर दोहन भइरहने राजाको बगरबाट दोहनमा सहभागीलाई पक्राउ गरी जरिवाना तिराएका छौँ, पुनः सोही स्थानमा दोहन भइरहेको गुनासो छ", बुढाथोकीले भन्नुभयो, "हामीलाई दोहन भइरहेको समेत सही सूचना आवश्यक छ, राति बत्ती निभाएर दोहन गर्दा कतिपय स्थानमा प्रहरीले नदेखेको समेत हुनसक्छ, यसरी नै नागरिकस्तरबाट दबाब सिर्जना भए कालीगण्डकी बचाउन सम्भव छ।"

यसैगरी नदीको दोहन भइरहने हो भने कालीगण्डकी सभ्यता र यस वरपर रहेका मठ, मन्दिर र देवालयको अस्तित्व सङ्कटमा पर्ने कालीगण्डकी बचाऔँ अभियानमा सक्रिय रुपेस सापकोटाले बताउनुभयो।

# उद्योग वाणिज्य संघद्वारा स्वास्थ्य सामग्री प्रदान

पोखरापत्र संवाददाता
म्याग्दी, १७ साउन

म्याग्दी उद्योग वाणिज्य संघले स्थापनाको ५०औँ वर्ष पूरा गरेका अवसरमा जिल्ला अस्पताल, स्थानीय तह, बालगृह र पत्रकारलाई स्वास्थ्य सामग्री उपलब्ध गराएको छ।

बेनी अस्पताल, छ स्थानीय तह, नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा र बालगृहलाई रु एक लाख ७० हजार मूल्य बराबरको मास्क, स्यानिटाइजर र पञ्जा सहयोग गरेको हो। कोरोना भाइरसको सङ्क्रमण न्यूनीकरणका लागि सहयोग पुऱ्याउने उद्देश्यले स्वास्थ्य सामग्री उपलब्ध गराएको उद्योग वाणिज्य सङ्घका अध्यक्ष बेलबहादुर कटुवालले जानकारी दिनुभयो।

महासङ्घका केन्द्रीय सदस्य कुवीरकुमार श्रेष्ठ, महासङ्घका पूर्वउपाध्यक्ष प्रमोद श्रेष्ठ, सङ्घका निवर्तमान अध्यक्ष उत्तम कर्माचार्य, पूर्वअध्यक्ष सुदर्शनकुमार श्रेष्ठ, मानार्थ सदस्य नैनकुमार श्रेष्ठलगायत सङ्घका पदाधीकारीले सामग्री हस्तान्तरण गर्नुभएको थियो । अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन चिकित्सक दिवान कार्की, नेपाल बालङ्गठनका सभापति राजेश शाक्य, महासङ्घका अध्यक्ष प्रकाश पौडेललाई सामग्री हस्तान्तरण गरिएको थियो।

सङ्घको पालिकास्तरमा रहेका इकाइमार्फत स्थानीयलाई सामग्री उपलब्ध गराइने सङ्घका महासचिव अमित बानियाँले बताउनुभयो । विसं २०२७ साउन १७ गते स्थापना भएको सङ्घले स्वर्ण वर्षका अवसरमा पछिल्लो एक वर्षयता विभिन्न कार्यक्रम गरेको थियो । सोही अवसरमा प्रवेशद्वारका रुपमा रहेको कालीपुल बसपार्कमा शिवको मूर्तिसहितको स्तम्भ निर्माण गरेको छ । दुई हजारभन्दा बढी सदस्य रहेको म्याग्दी उद्योग वाणिज्य सङ्घ जिल्लामा निजी क्षेत्रको छाता सङ्गठनका रुपमा रहेको छ।

# अझै गाडी गुड्न लायक बनेन् सडक

पोखरापत्र संवाददाता
म्याग्दी, १७ साउन

बेनी नगर कार्यपालिकादेखि वडा नं २ भकुण्डे जोड्ने बेनी-भकुण्डे मोटरबाटो ट्र्याक खुलेको १२ वर्ष बितिसक्दा अझै सञ्चालनमा आउन सकेको छैन। स्तरोन्नति हुन नसक्दा सो सडकखण्ड उपयोगविहीन बन्दै गएको हो।

विसं २०६६ मा ट्र्याक खुलेको साढे ७ किमी दूरीको सो सडक खण्ड मर्मतका लागि अहिलेसम्म लाखौँ रुपैयाँ खर्च भइसकेको जनाइएको छ। सडकमा यातायातका साधन सञ्चालन हुन नसकेपछि मर्मतका नाममा खर्च भएको लाखौँ रकम बालुवामा पानी हाले जस्तै भएको स्थानीयवासीको गुनासो छ । सो सडकको ट्र्याक खुलेदेखि अहिलेसम्म ट्र्याक्टर, साना जीप र मोटरसाइकलबाहेक ठूला सवारीसाधन सञ्चालन हुन सकेका छैनन् । साना सवारी साधन पनि वर्षका चार महिना मात्र मुस्किलले सञ्चालन हुने गरेका स्थानीयले बताएका छन्।

सडकमा मोटरसाइकलसम्म गुड्ने बनाउनका लागि स्थानीय प्रतिभा युवा क्लबमा आबद्ध पदाधिकारी र स्थानीयवासीले श्रमदान गरेर ढुङ्गा, गेगर पन्छाउने गरे पनि पानी पर्दाबित्तिकै सडकको अवस्था कामै नलाग्ने हुने गरेको प्रतिभा युवा क्लब ज्यामरुककोटका सल्लाहकार याम कार्कीले जानकारी दिनुभयो।

सडकखण्डको कन्थराजथान क्षेत्र र रोहोटे क्षेत्रमा पटकपटक सडक मर्मतका लागि ठूलो रकम खर्च गरिए पनि उपभोक्ता समितिले सडकमा नाली निर्माण नगरी सामान्यरुपमा डोजरमात्र घुमाएर बजेटसक्ने प्रवृत्तिले गर्दा सो मोटरबाटोमा यातायातका साधन सञ्चालन हुन नसकेका स्थानीय बासिन्दाको भनाइ छ। "नगरपालिकाको गेटदेखि वडा कार्यालयको गेटसम्म पुग्ने यो बाटोको स्तरोन्नति र दिगो विकासका लागि जनप्रतिनिधि र सरोकारवाला कसैले ध्यान दिएनन्, खाली बजेट सक्ने काममात्र भयो, बाटोको स्थायित्व भएन", स्थानीयवासी दिलबहादुर कार्कीले भन्नुभयो। उहाँका अनुसार बेनीदेखि भकुण्डेसम्म जानका लागि सल्लेनधारासम्म चार बाटा बनाइएको भए काम लाग्ने अवस्थामा छैनन्।

बेनी-ठूलोगैरा-रोहोटेपानी हुँदै भकुण्डे जोड्ने सडकको सल्लेरीधारा, कन्थराजको थान नजिकको पहरो र ठूलोगैरामा सामान्य वर्षा हुँदासमेत बाटो बिग्रँने गरेको छ। विसं २०६७ सालयता बेनी भकुण्डे सडकमा करिब ८० लाखको हाराहारीमा बजेट खर्च भइसकेको छ। बजेट त सकियो तर सडकको अवस्था भने ज्यूँकात्यूँ रहनुले स्थानीय सरोकारवालासँग यो सडकको अवस्था कहिले सुध्रन्छ भनेर प्रश्न गरिरहेका छन्।

गत आर्थिक वर्षमा बेनी-वौर-ठूलोगैरा-खबरा (बिरायचौर)-भकुण्डे सडक उपभोक्ता समिति, बाङ्गघरा-पीपलडाँडा-भीरकुना-भकुण्डे सडक उपभोक्ता समिति र ठूलोगैरा-खबरा-भकुण्डे सडक उपभोक्ता समितिको गरी कूल २६ लाख ५० हजार रुपैयाँ खर्च गरी मर्मत गरिएको बेनी-खबरा-भकुण्डे सडकमा पनि यातायातका साधन सञ्चालन हुन सकेका छैनन् । सामान्य पानीपर्दा पनि सडक पानीले बगाउने गरेको छ। "कुखुरालाई चारो हाले जस्तो गरी वर्षैपिच्छे थोरै थोरै मात्र बजेट आउने र सो बजेटले सडक मर्मतको थोरै पनि काम नहुने समस्याले गर्दा पनि सडक सवार चल्न लाएका बन्न नसकेको हो ।" बेनपा- २ भकुण्डेका समाजसेवी भीमबहादुर पौडेल भन्नुभयो। बेनी - २ज्यामरुककोटकावडाध्यक्षहिराबहादुर थापाले कमजोर भू-बनोट, धेरै घुम्ती भएको र वनक्षेत्र रहेकाले बेनी-भकुण्डे मोटरबाटो जति मर्मत गरे पनि वर्षामा काम लाग्ने अवस्थामा नरहने बताउनुभयो।

सडकको स्तरोन्नतिका लागि ठूलै बजेटको आवश्यकपर्ने भएकाले नगरपालिकाबाट मात्रै सम्भव नभएकाले प्रदेश सरकारबाट बजेट माग गरी सडकलाई व्यवस्थित बनाउने प्रयास थालिएको वडाध्यक्ष थापाले जानकारी दिनुभयो।

# आँबुखैरेनी गाउँपालिकाका सबै वडा भाडामुक्त

पोखरापत्र संवाददाता
तनहुँ, १७ साउन

जिल्लाको आँबुखैरेनी गाउँपालिकाका छवटै वडा तथा आधारभूत स्वास्थ्य केन्द्र भाडामुक्त भएका छन् । गाउँपालिकामातहत रहेका वडामध्ये वडा नं ५ को वडा कार्यालय भवनको केही दिनअघि मात्रै उद्घाटन भएपछि सबै वडा भाडामुक्त भएका हुन्।

गाउँपालिकाको रु ५६ लाख ८२ हजार ६१४ लागतमा भवन निर्माण सम्पन्न भएको गाउँपालिकाका सूचना अधिकारी शिखरलाल डोटेलले जानकारी दिनुभयो । उक्त भवन निर्माणको जिम्मा बिएम कन्स्ट्रक्शन प्रालि नुवाकोटले पाएको थियो । विसं २०७५ चैत १० गते सम्झौता गरी विसं ०७६ चैत २ गते सम्पन्न भए पनि अहिले आएर उद्घाटन गरिएको हो। भवनको निर्माण दुई वर्षअघि सम्पन्न गरिए पनि विविध कारणले उद्घाटनमा ढिलाइ हुन पुगेको कार्यालयका सूचना प्रविधि अधिकृत नीरज श्रेष्ठले जानकारी दिनुभयो । त्यसैगरी गाउँपालिकामातहत रहेका सबै आधारभूत स्वास्थ्य केन्द्रको समेत आफ्नै भवन निर्माण भइसकेका छन्। वडा नं ६ मा स्वास्थ्य भवन निर्माण भइसकेको र उद्घाटनको चरणमा रहेकाले गाउँपालिकाका सबै वडा र स्वास्थ्य केन्द्र भाडामुक्त अवस्थामा रहेको गाउँपालिकाले जनाएको छ । त्यसैगरी व्यास नगरपालिकाका १४ वडामध्ये १३ वडाले आफ्नो भवन निर्माण गरिसकेका छन्। व्यास-१ को वडा कार्यालय भवन निर्माण अन्तिम चरणमा पुगेकाले छिट्टै भाडामुक्त नगरपालिका बन्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिनुभयो।

जग्गा विवादका कारण उक्त वडा भवन निर्माणमा ढिलाइ भएकाले भाडामुक्त नगरपालिका घोषणा गर्न नसकिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाका १४ वटै वडामा स्वास्थ्य केन्द्रको आफ्नै भवन निर्माण भइसकेकाले सेवाग्राहीलाई सेवा प्रदान गर्न सहज भएको छ।

# नेपाली युवाको अमेरिकामा मृत्यु

पोखरापत्र संवाददाता
पर्वत, १७ साउन

रोजगारीका लागि अमेरिका पुगेका यहाँका एक युवाको मृत्यु भएको छ। फलेवास नगरपालिका-१० कुर्घाका २८ वर्षीय विपीन लम्सालको उपचारका क्रममा न्यूयोर्कस्थित एल्महर्स्ट अस्पतालमा यही साउन १२ गते मृत्यु भएको हो।

विगत पाँच वर्षअघि मात्र अमेरिका पुग्नुभएका लम्साल न्यूयोर्कस्थित ग्र्याण्ड एभिन्युमा बस्दै आउनुभएको थियो । अचानक स्वास्थ्यमा समस्या देखिएपछि गत मङ्गलबार उहाँलाई नजिकैको एल्महर्स्ट अस्पताल लगिएको थियो।

उपचारका क्रममा उहाँको मृत्यु भएको खबर प्राप्त भएको मृतकका दाजु दीपेन्द्र लम्सालले जानकारी दिनुभयो । उहाँका अनुसार अहिले लम्सालको शव अस्पतालमा नै रहेको छ । हृदयघातका कारण मृत्यु भएको पारिवारिक स्रोतले जनाएको छ। गैरआवासीय नेपाली सङ्घ अमेरिकाको न्यूयोर्क शाखाका अध्यक्ष आङछिरिङ शेर्पालाई उद्धृत गर्दै मृतकका दाजु दीपेन्दले शव नेपाल ल्याउनका लागि प्रक्रिया पूरा भइसकेको बताउनुभयो।

# चामे-तिमाङ सडकमा सवारी आवतजावत

पोखरापत्र संवाददाता
मनाङ, १७ साउन

सदरमुकाम चामेस्थित मर्स्याङ्दी नदीले थुनिएको मोटरेवल पुल सञ्चालनमा आएको छ । चामे गाउँपालिका वडा नं ४ र ५ जोड्ने मोटरेवल पुल सञ्चालन भएसँगै माथिल्लो मनाङबाट हने आवतजावत सहज हुने भएको छ।

पुलमा अड्किएको काठ, ढुङ्गा र बालुवा नेपाली सेना, सशस्त्र प्रहरी तथा जनपथ प्रहरीसँगै एक्साभेटरको प्रयोगबाट हटाइएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो । पुलमा सहज भएपछि माथिल्लो मनाङको आवतजावत सञ्चालन भएको उहाँले बताउनुभयो । नदीलाई पहिलाकै धारमा फर्काउन सकिएकाले आवतजावतमा सहज भएको उहाँले बताउनुभयो।

गत असारको पहिलो साता आएको वर्षासँगै नदीमा आएको बाढीपहिराले चामेको उक्त पुल अवरुद्ध भएको थियो। पुल थुनिएसँगै नदीको बहावले चामेस्थित लोकप्रिय मावि र विद्यालय नजिकै रहेको झोलुङ्गे पुलमा नदीले कटान गरी क्षति पुऱ्याएको थियो । झण्डै डेढमहिना अवरुद्ध रहेको पुल खोल्नका निम्ती सशस्त्र प्रहरीको पर्वतीय उद्दार शिक्षालयको टोलीसमेत खटिएको थियो।

अविरल वर्षासँगै विभिन्न ठाउँमा गएको पहिरो र मर्स्याङ्दी नदीमा आएको बाढीका कारण लमजुङ-मनाङ सडकखण्डमध्ये सदरमुकाम चामेदेखि तिमाङसम्म मात्रै यातायात सञ्चालन भएको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बताउनुभयो।

अवरुद्ध सडकमध्ये जिल्लाको कोतोमा पहिरो पन्छाइएपछि सडक सञ्चालन भएको उहाँले बताउनुभयो । त्यसअघि क्षतिग्रस्त सडक खण्डको स्यार्कु खोलामा अस्थायी काठे पुल राखिएको र थानचोक खोलामा ग्याबिन पर्खाल लगाएर सवारीसाधन सञ्चालन गराइएको प्रजिअ लामिछानेले जानकारी दिनुभयो।

सडक पुनःनिर्माणसँगै गाउँपालिकाअन्तर्गत तिमाङ गाउँदेखि सदरमुकाम चामेसम्म पुग्न सहज भएको छ। बेँसीशहर-चामे सडक ट्याक खोलेको नेपाली सेनाका तत्कालीन कमाण्डर इञ्जिनीयर इन्दिवर गुरुङसहितको टोलीले क्षतिग्रस्त सडकको स्थलगत निरीक्षण गरेको थियो।


## पोखरा महानगरपालिका वडा नं. १३ को सार्वजनिका सूचना

**कास्की जिल्ला वडा नं. १० जनप्रिय टोल स्थायी ठेगाना भएका डम्बर बहादुर गुरुङले कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १३ को ढल्केपुल नमूना टोलमा कि.नं. ३१२१, ३१२२ र ३१२६ मा निर्माण गर्न लागेको घरको उत्तर तर्फको कि.नं. ३६२८, ३६२७, ३०४६, ३०४४, पूर्व तर्फको कि.नं. ३६२२, दक्षिण तर्फको कि. नं. ३१२३, ३१२७, पश्चिम तर्फ बाटोका सधियारा सम्पर्कमा नआईपुगेको हुदाँ यदि उक्त जग्गामा कोही कसैंको हकदावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र वडामा सम्पर्क गर्न सबैको जानकारीका लागि अनुरोध गरिन्छ।**

**सम्पर्क:**

**पोखरा महानगरपालिका वडा नं. १३ कार्यालय कास्की**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म : २०१४/०८/०३

स्वर्गारोहण : २०७८/०४/०८

**स्व. विश्वराम सुनार**

यस देवशिल्पी बचत तथा ऋण सहकारी संस्थाका लेखा समितिका संयोजक जौमाया विश्वकर्मा (रोशनी) का बुबा, शेयर सदस्य पदम सुनारका बुबा तथा शेयर सदस्य रोशन सुनारका ससुरा बुबा रुपा गाउँपालिका वडा नं. ६ निवासी **विश्वराम सुनारको** को ६४ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज ११ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**टंक सुनार** सचिव तथा **चन्द्र किशोर गौतम** अध्यक्ष

**देवशिल्पी बचत तथा ऋण सहकारी संस्था लि.**

**पोखरा-१०, बुद्धचोक परिवार**